नेपाल राष्ट्र बैंक

अनुसन्धान विभाग

# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

*(आर्थिक वर्ष २०७३/७४ को चार महिनासम्मको तथ्याङ्कमा आधारित)*

## आर्थिक परिदृश्य

1. भूकम्प पछिको पुनर्निर्माण अन्तर्गत आवसीय घर निर्माणको लागि दिइएको अनुदान, उर्जा आपूर्तिमा भएको सुधार र कृषि, उद्योग तथा पर्यटन क्षेत्रमा देखिएको सुधारबाट आर्थिक वर्ष २०७३/७४ मा समग्र आर्थिक स्थिति सुदृढ रहने अपेक्षा गरिएको छ । बर्षे बालीको उत्पादन उत्साहप्रद रहेकोले कृषि क्षेत्र अपेक्षा गरिए भन्दा सुदृढ हुने देखिन्छ ।

2. विकास आयोजनाहरुको सफल कार्यान्वयन, सरकारको नेपाल राष्ट्र बैंकसँग रहेको नगद मौज्दातको उपयोग र वाह्य क्षेत्रको अवस्थामा मुलुकको आर्थिक वृद्धिको परिदृष्य निर्भर रहने छ । हालसालै भारत सरकारले उच्च दरका भारतीय बैंक नोटको अमौद्रिकरण गरेबाट पर्यटन तथा कृषिजन्य बस्तुहरुको निर्यातमा तत्कालिन असर पर्ने देखिन्छ ।


3. मुद्रास्फीतिमा आएको क्रमिक सुधारले सर्वसाधारणलाई राहत पुग्ने तथा औद्योगिक उत्पादन तथा व्यवसायका लागि सकारात्मक वातावरण वन्ने अपेक्षा गरिएको छ ।

4. चालु आर्थिक वर्षको पहिलो तीन महिनासम्म लगातार घाटामा रहेको चालु खाता बचतमा फर्केको र शोधनान्तर स्थिति बचतमा रहेकोले मुलुकको वाह्य क्षेत्र स्थिति सुदृढ भएको छ ।

## मुद्रास्फीति र तलब तथा ज्यालादर

### उपभोक्ता मुद्रास्फीति

5. २०७३ असार महिनादेखि घट्दो क्रममा रहेको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति २०७३ असोज महिनामा ६.७ प्रतिशत रहेकोमा २०७३ कात्तिक महिनामा ४.८ प्रतिशतमा ओर्लेको छ । यस्तो मुद्रास्फीति २०७३ असार महिना र २०७२



कात्तिक महिना दुबैमा १०.४ प्रतिशत रहेको थियो ।

6. गत वर्षको तुलनामा समीक्षा अवधिमा खाद्य तथा गैर-खाद्य मुद्रास्फीति दुबैमा सुधार आएकोले समग्र उपभोक्ता मुद्रास्फीति घट्न गएको हो ।

## खाद्य मुद्रास्फीति

7. समीक्षा अवधिमा खाद्य मुद्रास्फीति २.६ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खाद्य मुद्रास्फीति १२.१ प्रतिशत रहेको थियो । यस समूह अन्तर्गतको घ्यू तथा तेल र दलहन तथा गेडागुडीको मूल्य घटेको छ भने दुग्धजन्य पदार्थ तथा अण्डा, खाद्य तथा खाद्यजन्य पदार्थ, फलफूल, मासु तथा माछा लगायतका वस्तुहरुको मूल्य वृद्धिदर गत वर्षको तुलनामा न्यून रहेको छ। यसको परिणाम स्वरुप अघिल्लो वर्षको तुलनामा खाद्य मुद्रास्फीति कम रहन गएको हो (बक्स नं १) ।

**बक्स १: खाद्य वस्तुहरुको वार्षिक विन्दुगत मूल्य वृद्धि (चार महिना)**

| विवरण | मुद्रास्फीति (प्रतिशत) | |
|---|---|---|
| | २०७२/७३ | २०७३/७४ |
| **खाद्य मुद्रास्फीति** | **१२.१** | **२.६** |
| १. घ्यू तथा तेल | ४१.१ | (१९.८) |
| २. दलहन तथा गेडागुडी | ४४.१ | (२.३) |
| ३. दुग्धजन्य पदार्थ तथा अण्डा | ११.९ | ३.१ |
| ४. खाद्य तथा खाद्यजन्य पदार्थ | ९.४ | १.५ |
| ५. फलफूल | १०.२ | ३.२ |
| ६. मासु तथा माछा | ९.६ | ३.९ |

*स्रोतः राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क, कात्तिक २०७३*

## गैर-खाद्य मुद्रास्फीति

8. समीक्षा अवधिमा गैर-खाद्य मुद्रास्फीति ६.५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा गैर-खाद्य मुद्रास्फीति ९.२ प्रतिशत रहेको थियो । यस समूह अन्तर्गतको यातायात तथा संचारको मुद्रास्फीति घटेको छ भने लत्ताकपडा तथा जुत्ता, घरायसी सामान तथा सेवा लगायतका वस्तुहरुको मुद्रास्फीति गत वर्षको तुलनामा न्यून रहेको छ। फलस्वरुप गैर-खाद्य मुद्रास्फीति अघिल्लो वर्षको तुलनामा कम रहन गएको हो (बक्स नं २) ।

**बक्स २: गैर-खाद्य वस्तुहरुको वार्षिक विन्दुगत मूल्य वृद्धि (चार महिना)**

| विवरण | मुद्रास्फीति (प्रतिशत) | |
|---|---|---|
| | २०७२/७३ | २०७३/७४ |
| **गैर-खाद्य मुद्रास्फीति** | **९.२** | **६.५** |
| १. यातायात | ४.८ | (६.४) |
| २. संचार | ५.८ | (०.६) |
| ३. लत्ताकपडा तथा जुत्ता | १४.६ | ९.२ |
| ४. घरायसी सामान तथा सेवा | ११.४ | ८.९ |

*स्रोतः राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क, कात्तिक २०७३*

## क्षेत्रगत उपभोक्ता मुद्रास्फीति

9. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा उपभोक्ता मुद्रास्फीति पहाडमा ६.२ प्रतिशत, तराईमा ५.१ प्रतिशत, हिमालमा ४ प्रतिशत र काठमाडौं उपत्यकामा ३ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा मूल्य वृद्धिदर पहाडमा ११.४ प्रतिशत, तराईमा ९.१ प्रतिशत, हिमालमा ९.६ प्रतिशत र काठमाडौं उपत्यकामा ११.८ प्रतिशत रहेको थियो ।

## नेपाल र भारतबीचको उपभोक्ता मुद्रास्फीति अन्तर

10. २०७३ कात्तिक महिनामा भारतको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ३.६ प्रतिशत रहेको छ भने नेपालको मुद्रास्फीति ४.८ प्रतिशत रहेको छ । समीक्षा अवधिमा यी दुई मुलुकबीचको उपभोक्ता मुद्रास्फीति अन्तर १.२ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाल तथा भारतमा यस्तो मुद्रास्फीति क्रमशः १०.४ प्रतिशत र ५.४ प्रतिशत रहेकोले दुई मुलुकबीचको उपभोक्ता मुद्रास्फीति अन्तर ५ प्रतिशत रहेको थियो ।

**बक्स ३: नेपाल र भारतमा उपभोग्य वस्तुको मूल्य वृद्धि अन्तर**

| उपभोग्य वस्तुहरु | मुद्रास्फीति (प्रतिशत) | | अन्तर |
|---|---|---|---|
| | नेपाल | भारत | |
| **समग्र उपभोक्ता मुद्रास्फीति** | **४.८** | **३.६** | **१.२** |
| १. चिनी तथा चिनीजन्य पदार्थ | १३.२ | २२.४ | (९.२) |
| २. मदिराजन्य पदार्थ | ११.६ | ६.३ | ५.३ |
| ३. तरकारी | १०.५ | (१०.३) | २०.८ |
| ४. शिक्षा | १०.० | ५.२ | ४.८ |

*स्रोतः तथ्याङ्क तथा कार्यक्रम कार्यान्वियन मन्त्रालय, भारत सरकार, डिसेम्बर २०१६*

11. नेपाल र भारतबीचको मुद्रास्फीति अन्तर क्रमिक रुपमा घट्दै गएको छ । नेपालमा तरकारी, मदिराजन्य पदार्थ लगायतका वस्तुहरुको मूल्य वृद्धि तुलनात्मक रुपले उच्च रहेकोले नेपालको मुद्रास्फीति भारतको भन्दा केही उच्च रहेको हो (बक्स नं ३) ।

## थोक मुद्रास्फीति


12. समीक्षा अवधिमा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति दर ४.१ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ७.१ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा थोक मूल्यअन्तर्गत कृषिजन्य वस्तुहरूको थोक मुद्रास्फीति ६.२ प्रतिशतले र स्वदेशमा उत्पादित वस्तुहरूको ४.७ प्रतिशतले वृद्धि भएको छ भने आयातीत वस्तुहरूको १.६ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा कृषिजन्य वस्तुहरूको थोक मुद्रास्फीति ११.९ प्रतिशतले र स्वदेशमा उत्पादित वस्तुहरूको ७.२ प्रतिशतले वृद्धि भएको थियो भने आयातीत वस्तुहरूको ३.४ प्रतिशतले घटेको थियो ।

## राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क

13. समीक्षा अवधिमा वार्षिक बिन्दुगत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क १४.४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सूचकाङ्क ८.१ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा तलब सूचकाङ्कमा १८.५ प्रतिशत र ज्यालादर सूचकाङ्कमा १३.४ प्रतिशतले वृद्धि भएको छ । नेपाल सरकारले निजामती कर्मचारीको तलब वृद्धि गरेकोले तलब तथा ज्यालादर सूचकाङ्कमा उच्च वृद्धि भएको हो । तलब अन्तर्गत निजामती सेवा, सैनिक तथा प्रहरी बल र सार्वजनिक संस्थान उप-समूहहरूको तलब सूचकाङ्क क्रमशः २४.२ प्रतिशत, २३.६ प्रतिशत र २०.८ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै, ज्यालादर अन्तर्गत निर्माण मजदुर, कृषि मजदुर र औद्योगिक मजदुरको ज्यालादर सूचकाङ्क क्रमशः १५.७ प्रतिशत, १३.५ प्रतिशत र १२.२ प्रतिशतले वृद्धि भएको छ ।

# बाह्य क्षेत्र

## वैदेशिक व्यापार




14. आर्थिक बर्ष २०७३/७४ को पहिलो चार महिनासम्ममा कुल वस्तु निर्यात १७ प्रतिशतले वृद्धि भई रु. २४ अर्ब ५२ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात २९.१ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा भारततर्फ २३.२ प्रतिशत, चीनतर्फ ३६.६ प्रतिशत र अन्य मुलुकतर्फ ९ प्रतिशतले निर्यात बढेको छ । वस्तुगत आधारमा जुस, जुटका सामान, जुत्ता तथा चप्पल, रोजिन, पिना, दाल लगायतका वस्तुको निर्यात बढेको छ भने अलैंची, तयारी पोसाक, जिङ्क सिट, तरकारी, पोलिष्टर धागो लगायतका वस्तुहरुको निर्यात घटेको छ।

15. समीक्षा अवधिमा कुल वस्तु आयात ८७.४ प्रतिशतले बढेर रु. ३०१ अर्ब ६६ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ३६.८ प्रतिशतले घटेको थियो। समीक्षा अवधिमा भारतबाट भएको आयात १०६.१ प्रतिशत, चीनबाट भएको आयात ७२.७ प्रतिशत र अन्य मुलुकबाट भएको आयात ५३.२ प्रतिशतले बढेको छ। वस्तुगत आधारमा यातायातका साधन तथा पार्टपूर्जा, पेट्रोलियम पदार्थ, एम.एस विलेट, अन्य मेशिनरी तथा पार्टपूर्जा, संचारका उपकरण तथा पार्ट्स, सिमेन्ट लगायतका वस्तुको आयात बढेको छ भने हवाईजहाजका उपकरण, कोल्डरोल सिट इन क्वाईल, चाँदी, सुपारी, तयारी पोशाक, लगायतका वस्तुहरुको आयात घटेको छ।

16. भन्सार नाकाका आधारमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय, जलेश्वर भन्सार कार्यालय र सुख्खा बन्दरगाहा भन्सार कार्यालय नाकाहरुबाट भएको निर्यातमा कमी आए तापनि अन्य भन्सार नाकाहरूबाट भएको निर्यातमा वृद्धि भएको छ। त्यसैगरी, आयाततर्फ समीक्षा अवधिमा कैलाली भन्सार कार्यालय नाकाबाट भएको आयातमा कमी आएको छ भने अन्य नाकाबाट भएको आयातमा वृद्धि भएको छ।

17. समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटा ९७.९ प्रतिशतले बढी रु. २७७ अर्ब १३ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो व्यापार घाटा ३७.८ प्रतिशतले घटेको थियो। समीक्षा अवधिमा निर्यात-आयात अनुपात ८.१ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात १३ प्रतिशत रहेको थियो।

## निर्यात आयात मूल्य सूचकाङ्क

18. आर्थिक वर्ष २०७३/७४ को पहिलो चार महिनामा भन्सार तथ्याङ्कमा आधारित निर्यातको एकाइ मूल्य सूचकाङ्क (Unit Value Index) वार्षिक बिन्दुगत आधारमा १२.८ प्रतिशतले वृद्धि भएको तर आयात मूल्य सूचकाङ्कमा ०.२ प्रतिशतले कमी आएकोले व्यापारको सर्त (Terms of Trade) मा १३.१ प्रतिशतले सुधार भएको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो अनुपात १८.१ प्रतिशतले बढेको थियो। अदुवा, कार्पेट, रुद्राक्ष, दाल, पोलिष्टर धागोको निर्यात मूल्यमा वृद्धि भएको कारण निर्यात मूल्य सूचकाङ्कमा वृद्धि भएको हो भने सुपारी, जुटका सामान, पेट्रोलियम पदार्थ, एम.एस बिलेट आयातीत मूल्यमा कमी आएको कारण आयात मूल्य सूचकाङ्कमा कमी आएको हो।

## सेवा

19. समीक्षा अवधिमा कुल सेवा आय १४.१ प्रतिशत र कुल सेवा खर्च ८.८ प्रतिशतले बढेको कारण खुद सेवा आय बचत रु. १ अर्ब ९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा घाटा रु. १ अर्ब ५ करोड रहेको थियो । सेवा खाता अन्तर्गत पर्यटन आय समीक्षा अवधिमा ३३.५ प्रतिशतले वृद्धि भई रु. १७ अर्ब २१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय १८.१ प्रतिशतले घटेको थियो ।

## विप्रेषण आप्रवाह

20. समीक्षा अवधिमा विप्रेषण आप्रवाह ७.८ प्रतिशतले वृद्धि भई रु. २३२ अर्ब १४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १९.४ प्रतिशतले वृद्धि भएको थियो । खुद ट्रान्सफर आय ६.७ प्रतिशतले वृद्धि भई रु. २६५ अर्ब ४३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय २३.२ प्रतिशतले बढेको थियो ।

**बक्स ४: बैदेशिक रोजगारीमा गएका नेपाली कामदारहरुको संख्या***

| **महिना/बर्ष** | २०७१/७२ | २०७२/७३ | २०७३/७४ |
|---|---|---|---|
| साउन | ४२३०९ | ३७७५६ | ३५४८५ |
| भदौ | ५१५५१ | ४०२७५ | ३४७५९ |
| असोज | ३५५५० | ३५४८४ | २४९४९ |
| कात्तिक | ४३२१३ | २३०६१ | ३०५८८ |
| मंसिर | ५३३५४ | ३८३५० | |
| पुस | ४५३६२ | ३५३८९ | |
| माघ | ४८९४१ | ३४२१९ | |
| फागुन | ४४४६० | ३५७०१ | |
| चैत | ५२२१० | ३१६१५ | |
| वैशाख | ३१३७५ | ३६७७८ | |
| जेठ | ३७९६२ | ३७६८७ | |
| असार | २६६०० | ३२३९८ | |
| **कुल** | **५१२८८७** | **४१८७१३** | **१२५७८१** |
| प्रतिशत परिवर्तन | -२.८ | -१८.४ | -७.९** |


* अन्तिम श्रम स्वीकृतिमा आधारित । पुनः श्रमस्वीकृति समावेश नभएको
**कात्तिकसम्मको जोडको तुलना ।
स्रोतः वैदेशिक रोजगार विभाग ।

21. विप्रेषण आप्रवाहलाई प्रत्यक्ष प्रभाव पार्ने वैदेशिक रोजगारीमा जाने नेपाली नागरिकहरुको संख्यामा कमी आएको छ । अन्तिम श्रम स्वीकृतिका आधारमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या आर्थिक वर्ष २०७३/७४ को चार महिनामा गत वर्षको सोही अवधिको तुलनामा ७.९ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या २०.९ प्रतिशतले घटेको थियो ।

## चालू खाता एवम् शोधनान्तर

22. अघिल्ला तीन महिनाहरुमा लगातार घाटामा रहेको चालु खाता २०७३ कात्तिकमा रु. १ अर्ब ८६ करोडले बचतमा फर्केको छ । त्यसैगरी, अघिल्लो वर्षको चार महिनासम्ममा रु. ८३ अर्ब ७० करोडले बचतमा रहेको समग्र शोधनान्तर समीक्षा अवधिमा रु. २१ अर्ब ९८ करोडले बचतमा रहेको छ ।

23. समीक्षा अवधिमा पूँजीगत ट्रान्सफर रु. ३ अर्ब ३८ करोड र प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह रु. ५ अर्ब ७१ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा पूँजीगत ट्रान्सफर रु. ४ अर्ब ६१ करोड र प्रत्यक्ष वैदेशिक लगानी रु. १ अर्ब १२ करोड रहेको थियो ।




## विदेशी विनिमय सञ्चिति

24. कुल विदेशी विनिमय सञ्चिति २०७३ असार मसान्तको रु. १०३९ अर्ब २१ करोडबाट २.१

प्रतिशतले वृद्धि भई २०७३ कात्तिक मसान्तमा रु. १०६१ अर्ब २८ करोड रहेको छ । कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७३ असार मसान्तको रु. ८८७ अर्ब १ करोडको तुलनामा २०७३ कात्तिक मसान्तमा १.५ प्रतिशतले वृद्धि भई रु. ९०० अर्ब २६ करोड रहेको छ । त्यसैगरी, बैंक तथा वित्तीय संस्थाहरू (नेपाल राष्ट्र बैंक बाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०७३ असार मसान्तको रु. १५२ अर्ब २० करोडको तुलनामा ५.८ प्रतिशतले वृद्धि भई रु. १६१ अर्ब १ करोड पुगेको छ । कुल सञ्चितिमा भारतीय मुद्रा सञ्चितिको अंश २२.४ प्रतिशत रहेको छ ।

**बक्स ५: बाह्य क्षेत्रको अवस्था (अमेरिकी डलर)***

(अमेरिकी डलर करोड)

| विवरण | २०७१/७२ | | २०७२/७३ | | २०७३/७४ | चार महिनासम्मको प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|
| | पहिलो चार महिना | बार्षिक | पहिलो चार महिना | बार्षिक | पहिलो चार महिना | २०७२/७३ | २०७३/७४ |
| वस्तु निर्यात (एफ ओ वि) | ३४.०७ | ९८.८१ | २१.९६ | ७०.३९ | २५.४८ | -३५.५ | १६.० |
| वस्तु आयात (एफ ओ वि) | २५७.६८ | ७६५.७६ | १५२.३६ | ७०९.२५ | २७६.३४ | -४०.९ | ८१.४ |
| व्यापार सन्तुलन (-घाटा) | -२२३.६० | -६६६.९५ | -१३०.४० | -६३८.८६ | -२५०.८६ | -४१.७ | ९२.४ |
| कुल व्यापार | २९१.७५ | ८६४.५६ | १७४.३२ | ७७९.६३ | ३०१.८१ | -४०.३ | ७३.१ |
| भ्रमण आय | १६.१० | ५३.६७ | १२.३२ | ३९.२७ | १६.०९ | -२३.४ | ३०.६ |
| विप्रेषण आप्रवाह | १८४.७६ | ६१९.२० | २०६.१८ | ६२५.३४ | २१७.०२ | ११.६ | ५.३ |
| चालू खाता बचत (-घाटा) | -६.०९ | १०६.७३ | ११५.३५ | १३३.८८ | १.७७ | - | - |
| शोधनान्तर (-बचत) | -६.२९ | -१४३.७० | -७९.७१ | -१७७.९८ | -२०.६० | - | - |

* शोधनान्तर तालिका अनुसार ।

1. अमेरिकी डलरका आधारमा आर्थिक वर्ष २०७३/७४ को चार महिनासम्ममा कुल वस्तु निर्यात १६ प्रतिशत र कुल वस्तु आयात ८१.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा वस्तु निर्यात ३५.५ प्रतिशत र वस्तु आयात ४०.९ प्रतिशतले घटेका थिए ।
2. समीक्षा अवधिमा भ्रमण आय ३०.६ प्रतिशत र विप्रेषण आप्रवाह ५.३ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा भ्रमण आय २३.४ प्रतिशतले घटेको र विप्रेषण आप्रवाह ११.६ प्रतिशतले बढेको थियो ।
3. अघिल्लो आर्थिक वर्षको पहिलो चार महिनासम्ममा अमेरिकी डलर ११५ करोड ३५ लाखले बचतमा रहेको चालू खाता समीक्षा अवधिमा अमेरिकी डलर १ करोड ७७ लाखले बचतमा रहेको छ । त्यसैगरी, शोधनान्तर स्थिति अघिल्लो वर्षको पहिलो चार महिनामा अमेरिकी डलर ७९ करोड ७१ लाखले बचतमा रहेकोमा समीक्षा अवधिमा अमेरिकी डलर २० करोड ६० लाखले बचतमा रहेको छ ।

## सञ्चिति पर्याप्तता सूचकहरू

25. आर्थिक वर्ष २०७३/७४ को चार महिनासम्मको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १४.४ महिनाको वस्तु आयात र १२.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । समीक्षा अवधिमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरू क्रमशः ४७.२ प्रतिशत, १०३.२ प्रतिशत र ४४.८ प्रतिशत रहेका छन् । २०७३ असार मसान्तमा यस्ता अनुपातहरू क्रमशः ४६.२ प्रतिशत, ११७.४ प्रतिशत र ४६.३ प्रतिशत रहेका थिए ।

## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम एवम् सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

26. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०७२ कात्तिक मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ४०.२८ रहेकोमा २०७३ कात्तिक मसान्तमा ९.६ प्रतिशतले वृद्धि भई प्रति ब्यारल अमेरिकी डलर ४४.१५ कायम भएको छ । त्यसैगरी, सुनको मूल्य २०७२ कात्तिक मसान्तमा प्रति आउन्स अमेरिकी डलर १०८४.७५ रहेकोमा २०७३ कात्तिक मसान्तमा १३.१ प्रतिशतले वृद्धि भई प्रति आउन्स अमेरिकी डलर १२२६.९५ पुगेको छ ।

27. २०७३ असार मसान्तको तुलनामा २०७३ कात्तिक मसान्तमा नेपाली रूपैयाँ अमेरिकी डलरसँग ०.५ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ४.१ प्रतिशतले अवमूल्यन भएको थियो । २०७३ कात्तिक मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु. १०७.३१ पुगेको छ । २०७३ असार मसान्तमा उक्त विनिमय दर रु. १०६.७३ रहेको थियो ।

## सरकारी वित्त स्थिति*

### बजेट घाटा/बचत

28. आर्थिक वर्ष २०७३/७४ को चार महिनासम्ममा नगद प्रवाहमा आधारित नेपाल सरकारको बजेट रु. ५३ अर्ब २९ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो बचत रु. ३५ अर्ब १० करोड रहेको थियो ।

### सरकारी खर्च

29. समीक्षा अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च ९१.८ प्रतिशतले वृद्धि भई रु. १४० अर्ब ६८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो खर्च ७.८ प्रतिशतले घटेको थियो ।


**वक्सः ६ बजेटको प्रगती**

| शीर्षक | बजेट अनुमान | चार महिनाको प्रगति | |
|---|---|---|---|
| | (रु. करोडमा) | (रु. करोडमा) | बजेट अनुमानको प्रतिशतमा |
| **कुल खर्च** | १०४,८९२.१ | १४०६८.४ | १३.४१ |
| चालु खर्च | ६१,७१६.४ | १२४८९.४ | २०.२४ |
| पुँजीगत खर्च | ३१,१९४.६ | ११८६.३ | ३.८० |
| वित्तीय व्यवस्था खर्च | ११,९८१.१ | ३९२.८ | ३.२८ |
| **राजस्व** | ५६,५८९.७ | १६८०३.९ | २९.६९ |

30. समीक्षा अवधिमा चालु खर्च बढेर रु. १२४ अर्ब ८९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो खर्च रु. ५८ अर्ब ५ करोड रहेको थियो । समीक्षा अवधिमा पुँजीगत खर्च रु. ११ अर्ब ८६ करोड भएको छ । अघिल्लो वर्ष यस्तो खर्च रु. ५ अर्ब ७४ करोड भएको थियो । आर्थिक वर्ष शुरु हुनुभन्दा एक महिना पन्ध्र दिन अगावै बजेट प्रस्तुत भई समयमै विनियोजन विधेयक पास भएकोले चालु तथा पुँजीगत खर्च बढ्न गएको हो । तर सरकारी खर्चको विभिन्न शिर्षकमा भएको खर्च वार्षिक अनुमानको तुलनामा निकै कम रहेको छ ।

### सरकारी राजस्व

31. समीक्षा अवधिमा नेपाल सरकारको कुल राजस्व सङ्कलन ८१.५ प्रतिशतले वृद्धि भई रु. १६८ अर्ब ४ करोडमा पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो राजस्व १९.४ प्रतिशतले घटेको थियो । मूल्य अभिवृद्धिकर, भन्सार, आयकर, अन्तशुल्क लगायतका राजस्वका शीर्षकहरु उच्च दरमा बढेकाले सरकारको कुल राजस्व संकलनको वृद्धिदर उच्च रहन गएको हो ।




* नेपाल राष्ट्र बैंकका ८ वटा कार्यालयहरू, सरकारी कारोबार गर्ने राष्ट्रिय वाणिज्य बैंकका ६९ वटा शाखाहरू, नेपाल बैंक लिमिटेडका ४९ वटा शाखाहरू, कृषि विकास बैंक लिमिटेडका २४ वटा शाखाहरू, एभरेष्ट बैंक लिमिटेडका ९ वटा शाखाहरू, ग्लोबल आईएमई बैंक लिमिटेडका ४ वटा शाखाहरू र नेपाल बंगलादेश बैंक लिमिटेड, एनएमबी बैंक लिमिटेड, बैक अफ काठमाडौं लुम्बिनी र सेन्चुरी कर्मसियल बैंकको १/१ शाखा र जिल्लास्थित ७९ वटै कोष तथा लेखा नियन्त्रण कार्यालयहरू र भुक्तानी केन्द्रहरूबाट प्राप्त विवरणको आधारमा तयार गरिएको ।


### सरकारको नगद मौज्दात

32. स्रोत परिचालनको तुलनामा सरकारी खर्च न्यून भएकोले २०७३ कार्तिक मसान्तमा नेपाल सरकारको नेपाल राष्ट्र बैंकमा रु. १९५ अर्ब ९६ करोड नगद मौज्दात कायम रहेको छ ।

## मौद्रिक तथा वित्तीय स्थिति

### मुद्राप्रदाय

33. समीक्षा अवधिमा विस्तृत मुद्राप्रदाय ५.६ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ६.५ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७३ कार्तिक मसान्तमा विस्तृत मुद्राप्रदाय १८.६ प्रतिशतले बढेको छ ।




34. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. २१ अर्ब ९८ करोडले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु. ८३ अर्ब ७० करोडले बढेको थियो ।

35. समीक्षा अवधिमा सञ्चित मुद्रा १ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा ०.१ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७३ कार्तिक मसान्तमा उक्त मुद्रा ५.६ प्रतिशतले बढेको छ ।


### कुल आन्तरिक कर्जा

36. समीक्षा अवधिमा कुल आन्तरिक कर्जा ३.८ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा ०.७ प्रतिशतले घटेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७३ कार्तिक मसान्तमा यस्तो कर्जा २२.७ प्रतिशतले बढेको छ ।

37. समीक्षा अवधिमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी ७.८ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो दाबी ३.३ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा निजी क्षेत्रमाथिको दावी २०७३ कार्तिक मसान्तमा २८.५ प्रतिशतले बढेको छ ।

### निक्षेप सङ्कलन

38. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप ३.९ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप ३ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा वाणिज्य बैंक र विकास बैंकको निक्षेप क्रमशः ४ प्रतिशत र ४.८ प्रतिशतले बढेको छ भने वित्त कम्पनीहरुको निक्षेप ११.५ प्रतिशतले घटेको छ । वार्षिक बिन्दुगत आधारमा २०७३ कार्तिक मसान्तमा बैंक तथा



वित्तीय संस्थाहरूको निक्षेप २०.५ प्रतिशतले बढेको छ।

### कर्जा प्रवाह

39. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ७.४ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा २.७ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरुको ७.८ प्रतिशत र विकास बैंकहरुको ९ प्रतिशतले बढेको छ भने वित्त कम्पनीहरुको ७.२ प्रतिशतले घटेको छ। वार्षिक बिन्दुगत आधारमा २०७३ कार्तिकमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा २९.४ प्रतिशतले बढेको छ।

40. समीक्षा अवधिमा कृषि क्षेत्रतर्फको कर्जा ५.७ प्रतिशत, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा ५.७ प्रतिशत, निर्माण क्षेत्रतर्फको कर्जा ७.३ प्रतिशत, थोक तथा खुद्रा व्यापारतर्फको कर्जा ७ प्रतिशत, सेवा उद्योगतर्फको कर्जा ८.१ प्रतिशत र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा १०.१ प्रतिशतले बढेको छ।

41. २०७३ कार्तिकसम्ममा बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहिरहेको कर्जामध्ये ६०.७ प्रतिशत कर्जा घर जग्गाको धितोमा र १४.९ प्रतिशत कर्जा चालू सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमशः ५९.७ प्रतिशत र १२.६ प्रतिशत रहेको थियो।

42. २०७३ कात्तिकसम्ममा बैंक तथा वित्तीय संस्थाहरूको कुल लगानीमा रहेको कर्जामध्ये घरजग्गा (Real Estate) क्षेत्रमा रु. २७० अर्ब ४० करोड (प्रति ग्राहक रु. १ करोडभन्दा कमको रु. १५५ अर्ब ६७ करोडको आवासीय घरकर्जा समेत) रहेको छ। उक्त कर्जा बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाहित कुल कर्जाको १५ प्रतिशत हुन आउँछ। २०७३ कार्तिकसम्ममा बैंक तथा वित्तीय संस्थाहरूले सेयरको धितोमा प्रवाह गरेको मार्जिन प्रकृतिको कर्जा कुल कर्जाको २.२ प्रतिशत (रु. ३९ अर्ब ३० करोड) रहेको छ भने वाणिज्य बैंकहरूबाट साना तथा मझौला व्यवसायमा प्रवाहित कर्जा (SMEs Loan) कुल कर्जाको २.५ प्रतिशत (रु. ३७ अर्ब ४७ करोड) छ।

43. समीक्षा अवधिमा वाणिज्य बैंकहरूबाट प्रवाहित ट्रष्ट रिसिट (आयात) कर्जा ७.४ प्रतिशत (रु. ५ अर्ब ३५ करोड) ले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा १ प्रतिशतले घटेको थियो।

### तरलता व्यवस्थापन

44. आर्थिक वर्ष २०७३/७४ को चार महिनासम्ममा यस बैंकले रु. ९२ अर्ब २५ करोड तरलता प्रशोचन गरेको छ। यसमध्ये, पटक-पटक गरी निक्षेप बोलकबोलमार्फत् कुल रु. ३१ अर्ब ५० करोड (चालू आर्थिक वर्षदेखि शुरु गरिएको ब्याजदर कोरिडर अन्तर्गतको दुई हप्ते निक्षेप बोलकबोल मार्फत् रु. २६ अर्ब ४५ करोड समेत) र रिभर्स रिपोमार्फत् (टर्नओभरको आधारमा) रु. ६० अर्ब ७५ करोड तरलता प्रशोचन भएको छ। अघिल्लो वर्षको सोही अवधिमा पटक-पटक गरी निक्षेप बोलकबोलमार्फत् रु. १५७ अर्ब २५ करोड, रिभर्स रिपोमार्फत् रु. ७६ अर्ब ३० करोड र सोझै बिक्री बोल-कबोलमार्फत् रु. ९ अर्ब १० करोड तरलता प्रशोचन भएको थियो।

45. आर्थिक वर्ष २०७३/७४ को चार महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरू) बाट अमेरिकी डलर १ अर्ब २९ करोड खुद खरिद गरी रु. १३७ अर्ब ८७ करोड तथा

रिपो बोलकबोलमार्फत् रु. १० अर्ब १ करोड (चालू आर्थिक वर्षदेखि शुरु गरिएको ब्याजदर कोरिडर अन्तर्गतको दुई हप्ते रिपो बोलकबोलमार्फत् रु. १ करोड समेत) गरी कुल रु. १४७ अर्ब ८८ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर १ अर्ब ४८ करोड खुद खरिद गरी रु. १५४ अर्ब २८ करोड खुद तरलता प्रवाह भएको थियो ।

46. समीक्षा अवधिमा अमेरिकी डलर १ अर्ब ३० करोड र यूरो ९ करोड ५० लाख बिक्री गरी रु. १५० अर्ब ३३ करोड बराबरको भा.रु. खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर ७६ करोड बिक्री गरी रु. ७९ अर्ब १९ करोड बराबरको भा.रु. खरिद भएको थियो ।

## पुनरकर्जा तथा उत्पादनशील कर्जा

47. उत्पादनशील क्षेत्रतर्फ लगानी तथा निर्यात विस्तारमा समेत सहयोग पुऱ्याउने उद्देश्यले यस बैंकबाट सहुलियत दरमा प्रदान गरिने पुनरकर्जाको उपयोग समीक्षा अवधिमा बढेको छ । समीक्षा अवधिमा साधारण पुनरकर्जा रु. २ अर्ब ६७ करोड र निर्यात कर्जा रु. ३७ करोड गरी कुल रु. ३ अर्ब ४ करोड पुनरकर्जा उपयोग भएको छ । अघिल्लो वर्षको सोही अवधिमा साधारणतर्फ रु. १ अर्ब ३९ करोड र निर्याततर्फ रु. १४ करोड गरी जम्मा रु. १ अर्ब ५३ करोड पुनरकर्जा उपयोग भएको थियो । त्यसैगरी, भूकम्प पीडितहरूलाई राहत प्रदान गर्न यस बैंकबाट शून्य ब्याजदरमा पुनरकर्जा सुविधा उपलब्ध गराउने व्यवस्था अन्तर्गत २०७३ कार्तिक मसान्तसम्म रु. २० करोड ९७ लाख कर्जा प्रवाह भएको छ ।

## अन्तर-बैंक कारोबार र स्थायी तरलता सुविधाको उपयोग

48. आर्थिक वर्ष २०७३/७४ को चार महिनासम्ममा वाणिज्य बैंकहरूले रु. ४०० अर्ब ३३ करोड र अन्य वित्तीय संस्थाहरू (वाणिज्य बैंकहरूबीच बाहेक) ले रु. १२० अर्ब ७५ करोडको अन्तर-बैंक कारोबार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरू र अन्य वित्तीय संस्थाहरूले क्रमश: रु. २३१ अर्ब ५० करोड र रु. २३ अर्ब ७० करोडको यस्तो कारोबार गरेका थिए । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूले रु. १० अर्ब ५ करोडको स्थायी तरलता सुविधाको उपयोग गरेका छन् ।

## ब्याजदर

49. २०७२ कात्तिकको तुलनामा २०७३ कात्तिकमा ९१-दिने ट्रेजरी विल र अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर बढेको छ । २०७२ कात्तिकमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर ०.२९ प्रतिशत रहेकोमा २०७३ कात्तिकमा ३ प्रतिशत कायम भएको छ । वाणिज्य बैंकहरूबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७२ कात्तिकको ०.३६ प्रतिशतको तुलनामा २०७३ कार्तिकमा ३.५९ प्रतिशत रहेको छ । अन्य वित्तीय संस्थाहरूबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७२ कार्तिकको १.४९ प्रतिशतको तुलनामा २०७३ कार्तिकमा ५.०८ प्रतिशत रहेको छ ।

## मर्जर/प्राप्ति

50. वित्तीय स्थायित्व अभिवृद्धि गर्न अवलम्बन गरिएको मर्जर/प्राप्ति नीति कार्यान्वयनमा आएसँगै मर्जर तथा प्राप्ति प्रक्रियामा सामेल हुने बैंक तथा वित्तीय संस्थाहरूको संख्या बढ्दै गएको छ । २०७३ कात्तिक मसान्तसम्ममा कुल १२० वटा बैंक तथा वित्तीय संस्थाहरू (घ वर्गका सहित) मर्जर/प्राप्ति प्रक्रियामा सामेल भएका छन् । यसमध्ये ७९ वटा संस्थाहरुको इजाजत खारेज हुनगई कुल ४१ संस्था कायम रहेका छन् ।

## पुँजी बजार

51. २०७३ असोज मसान्तको १,८०३.७ विन्दुबाट २०७३ कात्तिक मसान्तमा नेप्से सूचकाङ्क १,७०१.९ विन्दुमा ओर्लेको छ । वार्षिक विन्दुगत आधारमा २०७३ कात्तिक मसान्तमा भने नेप्से सूचकाङ्कमा ५५.५ प्रतिशतको वृद्धि भएको छ ।

52. आर्थिक वर्ष २०७३/७४ को पहिलो चार महिनामा कुल सेयर कारोबार रकम अघिल्लो आर्थिक वर्षको सोहि अवधिको तुलनामा १५७.१ प्रतिशतले वृद्धि भई रु. ८७ अर्ब ८ करोड पुगेको छ । डिम्याट प्रणालीबाट कारोबार भई स्टकको तरलता बढेको, चालु आर्थिक वर्षदेखि नेप्सेको कारोबार समयमा वृद्धि भएको तथा नेप्से सूचकाङ्कमा ठूलो वृद्धि भएका कारण कुल कारोबार रकममा उल्लेख्य वृद्धि देखिएको हो ।